स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही भदौ १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'वर एन्ड वधु'को टिम प्रचार अभियान अन्तर्गत पूर्वका विभिन्न ठाउँमा पुगेको छ । निर्देशक मिलन चाम्स, निर्मात्री जानुका थापा, कलाकारहरु किरण केसी, आँचल शर्मा र विवेक कर्माचार्य पूर्वी जिल्ला धरान, विर्तामोड, इटहरी र विराटनगर गरी चार ठूला सहरमा पुगेका थिए । त्यहाँ उनीहरूले दर्शकसँग भेट गर्दै फिल्म हेर्न निम्तो दिए ।

**आजको विचार...**



हामी...

*(दुई पेजमा)*

डा. डीआर उपाध्याय



चर्चित गायिका विष्णु माझीको नयाँ गीत 'आइनँ आमा यो तीजमा' ले रिलिजको एक दिनमा युट्युबमा सबभन्दा धेरै पटक हेरिने नेपाली गीतको रेकर्ड राखेको छ । शनिबार बिहान सार्वजनिक गीतलाई २४ घण्टामा १४ लाख ५२ हजारभन्दा बढीपटक हेरिएको छ । यसअघि कुनै पनि नेपाली गीतले एक दिनभित्र यो उपलब्धि पाउन सकेका थिएनन् । अहिले गीतको युट्युब भ्युज त्यो भन्दा बढी पुगिसकेको छ । १ लाख २२ हजार लाइक आएको छ ।

❐ वर्ष ३० ❐ अंक ४१ ❐ २०८१ भदौ १० गते सोमबार 26 August 2024, Monday ❐ पृष्ठ संख्या ८ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बस दुर्घटना : २२ जनाको मृत्यु

(रासस/एएफपी)

**रावलपिण्डी,** ९ भदौ/पाकिस्तानको आजाद पाटन शहरनजिक आइतबार भएको बस दुर्घटनामा कम्तीमा २२ जनाको मृत्यु भएको पाकिस्तानी प्रहरीले बताएको छ ।

पञ्जाब प्रान्त र पाकिस्तान प्रशासित काश्मिरको सिमानामा पर्ने उक्त शहरनजिकै भएको सो दुर्घटना भएको हो । पञ्जाबको रेस्क्यु ११२२ आपतकालीन सेवाका प्रवक्ता फारुक अहमदले घटनाको पुष्टि गर्दै भने, 'अहिलेसम्म १५ पुरुष, ६ महिला र एक बच्चासहित २२ जनाको मृत्यु भएको छ ।' उद्धार सेवाका अर्का प्रवक्ता मोहम्मद उस्मान गुज्जरले गाडी सडकबाट चिप्लिएर एउटा खोल्सामा खसेको बताए । पाकिस्तानमा पहाडी क्षेत्रमा कच्ची सडक, पूराना यातायातका साधन, अत्यधिक भार र चालकको लापर्बाहीका कारण सडक दुर्घटना हुने गरेको पाइन्छ । इरानमा भएको बस दुर्घटनामा ज्यान गुमाएका २८ जना तीर्थयात्रीको शव स्वदेश ल्याएको एक दिनपछि यो अर्को दुर्घटना भएको हो । गत मंगलबार राति इरानको मध्य क्षेत्रमा रहेको याज्द प्रान्तको एक सुरक्षा जाँच केन्द्रूमाअगाडि ५१ जना पाकिस्तानी तीर्थयात्रीलाई लिएर इराक जाँदै गरेको उक्त बस पल्टिएर आगलागी हुँदा २८ जनाको मृत्यु भएको थियो भने अन्य ३० जना घाइते भएका इरानी राष्ट्रिय टेलिभिजनले च्यानलले जनाएका छन् ।

## पाल्पामा स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षा

# मन्त्री सारुले स्वास्थ्य क्षेत्रका कर्मचारीलाई भने 'मन्द मुस्कानसहित सेवा दिनुहोस्'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ ९/लुम्बिनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले स्वास्थ्य क्षेत्रका कर्मचारीहरुलाई मन्द मुस्कानसहित जनतालाई सेवा दिन आग्रह गरेका छन् । आइतबार स्वास्थ्य कार्यालय पाल्पाले आयोजना गरेको स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरीय वार्षिक समीक्षा गोष्ठीको उद्घाटन शत्रलाई तानसेनमा सम्बोधन गर्दै उनले मन्द मुस्कानसहितको सेवा दिन स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीलाई आग्रह गरेका हुन् ।

पछिल्लो समय सरकारी अस्पतालको सेवाप्रति नागरिकको विश्वास गुम्दै गइरहेको अवस्थामा बिरामीको मन जित्ने गरी सेवा प्रदान गर्नुपर्ने मन्त्री सारुले बताए । उनले भने 'सेवाग्राहीले सबै स्वास्थ्य सुविधा प्राप्त गरेर पनि उपचारमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी, स्टाफ नर्स, कर्मचारी वा कुनै एक जनाले गर्ने गलत व्यवहार वा बोलीका कारण उनीहरुको आत्मसम्मानमा ठेस पुग्न सक्छ । त्यसलाई ध्यान दिएर मन्द मुस्कानसहितको सेवा दिनुहोस् ।' मन्त्री सारुले नेता र कर्मचारीहरुका कारण




आमनागरिकमा निराशा छाएकाले त्यसको अन्त्यका लागि जनमूखी भएर काम गर्नुपर्नेमा जोड दिए । अस्पताल र शिक्षा क्षेत्र संवेदनशील भएकाले अस्पतालको सुधारका लागि सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवार भएर काम गर्न आग्रह गर्दै उनले जनतालाई दिने सेवामा कुनै पनि सम्झौता नगर्न निर्देशन दिए । उनले कर्मचारी अभावका कारण स्वास्थ्य क्षेत्रमा केही समस्या भए पनि त्यसको समाधानका लागि प्रदेश सरकारले कर्मचारी व्यवस्थापन गर्न लागेको बताए । मन्त्री सारुले प्रदेशमा ६ सय ४९ कर्मचारी स्वास्थ्य क्षेत्रमा अभाव रहेको भन्दै व्यवस्थापनको काममा मन्त्रालय लागिरहेको उल्लेख गरे । उनले पाल्पा अस्पतालको गुणस्तर वृद्धि र भवन निर्माणका लागि छिट्टै काम हुने समेत बताए । मन्त्री सारुले स्वास्थ्य क्षेत्र सुधारका लागि एक आपसमा सहकार्य गर्न संघ, प्रदेश र स्थानीय तहले प्रतिबद्धता जनाएको बताए । उनले संघीय स्वास्थ्य मन्त्रालयले सातवटै प्रदेशका स्वास्थ्यमन्त्रीहरुलाई काठमाडौंमा बोलाएर स्वास्थ्यका क्षेत्रमा सहकार्य गर्ने निर्णय गरेको उल्लेख गरे । मन्त्री सारुले भने' बैठकले हैजा, डेंगी तथा झाडापखाला, मंकिपक्स लगायतका संक्रामक रोगको महामारी तथा अरु स्वास्थ्य जोखिमसँग जुध्न संघदेखि वडासम्मै द्रुत प्रतिकार्य टोली सक्रिय राख्ने निर्णय गरेको छ ।' प्रदेश सरकारले सोही अनुसार १२ वटै जिल्लाका स्थानीय तहमा द्रुत प्रतिकार्य टोली व्यवस्थापन गर्न लागेको उनले बताए । विशिष्ट अतिथि लुम्बिनी प्रदेशका सांसद तथा पूर्वमन्त्री वीरबहादुर रानाले स्वास्थ्य जस्तो विषयमा संवेदनशिल हुनुपर्ने बताए ।

उनले सबैको ध्यान पूर्वधार निर्माणको क्षेत्रमा मात्र रहेकाले स्वास्थ्य जस्तो संवेदनशील विषयलाई ओझेलमा पारिएको भन्दै त्यसलाई मूर्तरुप दिन स्वास्थ्य क्षेत्रका कर्मचारीहरु नै बढी जिम्मेवार हुनु पर्ने उल्लेख गरे । सांसद रानाले भने 'पछिल्लो समय उत्पादन बढाउने नाममा हामीले विषाक्त खानेकुराहरु उपभोग गरिरहेका छौं, त्यसतर्फ कसैको पनि ध्यान पुग्न सकेको छैन, हाम्रो ध्यान पूर्वाधारमा मात्र केन्द्रीत भयो, अब मानव संवेदनशिल जस्तो विषयमा ध्यान जानुपर्छ ।' उनले अझै पनि आर्थिक अभावका कारण उपचार नपाएर आमनागरिकले मृत्युवरण गर्नु परिरहेको घटनालाई उदृत गर्दै त्यस्तो अवस्थाको अत्यन्त गर्न सके मात्र लोकतन्त्रको सार्थक अनुभूति जनतालाई हुने बताए । पूर्व मन्त्री समेत रहेका रानाले 'सुनिश्चित बास नियमित गाँस, शिक्षा र स्वास्थ्यमा सरकारको साथ' भन्ने नारा आफुले तय गरेको भन्दै सोही अनुसार अब प्रदेश सरकार समेत अगाडि बढ्ने बताए । उनले कर्मचारी र राजनीतिक दलहरुप्रति जनताको वितृष्ण पैदा भएकाले अब जनमैत्री भएर काम गर्नुको विकल्प नरहेको उल्लेख गरे । सांसद रानाले सेवा गर्दा कुनै पनि विचार, आस्था र नेताको निर्देशन नकुरी जनतालाई अनूभूत हुने गरी काम गर्न कर्मचारीहरुलाई आग्रह समेत गरे । उनले भने 'आस्थाको कुण्डली हेरेर हैन कर्मको कुण्डली हेरेर काम गर्नुहोस् ।'

-बाँकी अन्तिम पेजमा

## भगवती जात्रामा सार्वजनिक विदा



लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सार्वजनिक विदा सम्बन्धी सूचना

**पाल्पा,** भदौ ९/नेपालले अंग्रेजलाई युद्धमा पराजित गरी विजय हासिल गरेको खुसीयालीमा तानसेनमा निकालिने भगवतीको जात्राका दिन लुम्बिनी प्रदेश सरकारले सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

प्रदेश राजपत्रमा प्रकाशित सूचना अनुसार ऐतिहासिक भगवती जात्राका दिन पाल्पामा सार्वजनिक विदा दिने व्यवस्था भएको प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयको जनाएको छ । आइतबार मन्त्रालयका कानुन अधिकृत अस्मिता अर्यालद्वारा जारी गरेको सूचनामा भनिएको छ, 'मिति २०८० चैत २० गते लुम्बिनी प्रदेशको प्रदेश राजपत्रमा प्रकाशित सूचना बमोजिम लुम्बिनी प्रदेश सरकारले भगवती जात्राको अवसरमा पाल्पामा मिति २०८१/५ /११ गते मंगलबारका दिन सार्वजनिक विदा दिने निर्णय भएको व्रुयहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।'

विश्वको भू-भागलाई आफ्नो मुठ्ठीमा कब्जा गरेको ब्रिटिश साम्राज्यवादलाई समेत नेपालले पराजित गरेको सम्झनामा पाल्पामा २ सय ५ वर्ष अघिदेखि विजय उत्सवका रुपमा भगवती जात्रा निकालिदै आइएको छ ।

-बाँकी अन्तिम पेजमा

## आज 'श्रीकृष्ण जन्माष्टमी', भक्तिपूर्वक पूजा-आराधना गरी मनाइँदै

**पाल्पा,** भदौ ९/आज 'श्रीकृष्ण जन्माष्टमी', देशभर धुमधामका साथ मनाइँदैछ । हिन्दु धर्मावलम्बीहरूले कृष्ण मन्दिरहरूमा गई श्रीकृष्णको पूजा आराधना, व्रत र भजनकीर्तन गरी यो पर्व मनाउन लागेका हुन् ।

भगवान श्रीकृष्णको जन्म भएको अवसरमा देशभर यो पर्व श्रीकृष्णको पूजाआराधना गरी मनाइने गरिन्छ । पौराणिक कथन अनुसार अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौं अवतारका रूपमा जन्मिएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेको बताइन्छ । महाभारतका अनुसार कुरुक्षेत्रमा कौरवहरूसँगको लडाइँमा संलग्न पाण्डवहरूमध्येका अर्जुनलाई उपदेश



दिने क्रममा स्वयम् उनीबाट व्यक्त 'श्रीमदभागवत गीता' हिन्दूहरूको पवित्र ग्रन्थ मानिन्छ । ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता मानिने श्रीकृष्णाको जन्म द्वापर युगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्ण जन्माष्टमी' र रातलाई 'मोहरात्री' पनि भनिन्छ । यस दिन विशेष गरी महिलाहरू 'व्रत' बसी रातभर जाग्राम बस्ने र श्रीकृष्णको आराधना गर्ने प्रचलन छ । कृष्ण जन्माष्टमीको दिन विभिन्न धार्मिक संघसंस्थाले झाँकीसहित शोभायात्रा निकाल्ने श्रीकृष्णको विभिन्न रूप दर्शाएको सचित्र झुला झुलाउने चलन छ । श्रीकृष्ण जन्माष्टमीको अवसरमा मुलुकभरका कृष्ण मन्दिरहरूमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्ने र मेला लाग्ने गरेको छ । आजको दिनमा विशेष गरी महिलाहरु ब्रत बसी राति १२ बजे श्रीकृष्ण जन्मिएको सम्झनामा पूजा लगाउने र रातभर जाग्राम बसेर श्रीकृष्णको भक्ति संगीत गाउने गर्दछन् । यसो गरेमा श्रीकृष्ण प्रशन्न भई मनोकामना पूरा हुने धार्मिक विश्वास छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कृष्ण जन्माष्टमीको महिमा

आज कृष्ण जन्माष्टमी । सनातन धर्मावलम्बीहरू भगवान् कृष्णको जन्म भएको दिनको सम्झना गर्दै आजको दिन भव्य रुपमा मनाउने गर्छन् । जन्माष्टमी हिन्दुहरुको प्रमुख पर्व हो । आर्यमिश्रीत समुदायको जुनै पनि समारोह र श्रद्धामिश्रित उत्सवमा जहाँ भगवान् श्रीकृष्णको जयन्ती उत्सव मनाइन्छ । त्यो साँच्चै नै दर्शनीय हुन्छ ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिएको हो । दुर्जनको विनाश गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुको आठौं अवतारका रुपमा श्रीकृष्णको जन्म भएको शास्त्रमा वर्णन गरिएको छ । कंशको अत्याचारबाट मानव जातिलाई मुक्ति दिनका लागि वासुदेव र देवकीको आठौं गर्भबाट भगवान् विष्णुको आठौं अवतारका रुपमा आजको दिन श्रीकृष्णको जन्म भएको धार्मिक विश्वास छ । कंशले जेलनेलसहित बन्दी बनाएको अवस्थामा देवकीबाट श्रीकृष्णको जन्म भएको थियो । जसरी अन्य चाडको महत्व छ त्यसरी नै जन्माष्टमीको पनि विशेष महिमा रहेको छ ।

मध्यकालमा ललितपुरका राजा सिद्धिनरसिंह मल्लले पाटनमा २१ गजुर भएको कृष्णमन्दिर बनाएपछि नेपाल अधिराज्यमा कृष्ण प्रख्यात भएको मानिन्छ । मल्ल राजाहरुमा कला बनाउने प्रतियोगिता हुँदा राजा सिद्धिनरसिंह मल्लले ढुङ्गाको सुन्दर र ठूलो पाटनको कृष्ण मन्दिर बनाएका थिए । जन्माष्टमीका दिन अधिराज्यका कृष्ण मन्दिरमा भगवान् श्रीकृष्णको अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट मानवमात्रको संरक्षण गर्न भगवान् विष्णुको आठौँ अवतारको रूपमा भगवान कृष्णले जन्म लिएको मानिन्छ । नेपालको इतिहास भगवान कृष्णको चरित्रसँग जोडिएको छ । लिच्छविकालसम्म कृष्ण भक्तिको परम्पराको विकास भइसकेको मानिन्छ । कृष्णा जन्माष्टमीमा हिन्दूहरूले भगवान श्री कृष्णको पूजा–आराधना गरी श्रद्धा–भक्तिपूर्वक मनाउँछन् । यस चाडको मुख्य महिमा राम्रो काम गर्नेलाई प्रोत्साहित गर्ने र नराम्रा कामको हतोत्साहित गर्ने हो । एकताको लागि पनि कृष्णाष्टमी मनाइन्छ । यो पवित्र चाड मानिसको बीच भाइचारा वृद्धि हुन्छ । यसकारण जन्माष्टमीलाई एकताको प्रतिक मानिएको छ । श्रीकृष्ण जन्माष्टमीको रातलाई मोहरात्री पनि भनिन्छ । उक्त रातमा श्रीकृष्णको ध्यान, नाम वा मन्त्र जप्दा संसारको माया मोह र आशक्ति हटाउन सक्छ । विविध धर्म, संस्कृति, परम्परा तथा रीतिरिवाज हाम्रो सभ्यता र सम्पन्नताका सूचक भएकाले हाम्रो धार्मिक सहिष्णुता तथा आपसी सद्भाव कायम गर्नका लागि पनि कृष्ण जन्माष्टमीको महिमा रहेको छ ।

### Opinion @ Social Network

हरेक उदास पछिको कारण प्रेम हुँदैन,
अध्यारो भविष्य जिम्मेवारी र असफलताले पनि मानिसलाई रुवाउने गर्दछ ।
*(कमल राईकोफेसबुक स्टाटसबाट https://www.facebook.com/rai.kamal )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हामी कहिले माथि उठ्ने?



**डा. डीआर उपाध्याय**

*लामो समयदेखि नेपाली जनता गरिबीबाट माथि उठ्न सकेका छैनन् । हामीले देखिरहेका छौं, आज देशको आर्थिक अवस्था सुर्धन सकेको छैन । देशमा महँगीले आकाश छोएको अवस्था छ । सर्वसाधरण जनताको चुलो बोल्न नसक्ने अवस्थामा छ । अब मेला पर्व पनि नजिकिँदै छन् । यसै बेलाको मौका छोपेर बजारमा कृतिम अभाव बनाउने, कालोबजारी गर्ने, महँगी बढाउने जस्ता काम हुँदै आएका छन् ।*

अब वर्तमान सरकारले देश र जनताका पक्षमा राम्रो काम गरेर देखाउनुपर्ने आवश्यकता देखिएको छ । सरकार सामु अवसर र चुनौती दुवै तेर्सिएका छन् । सरकारले चुनौतीभन्दा अवसरलाई सदुपयोग गर्न जरुरी देखिन्छ । अवसर सधै भरी आइरहँदैन, अवसरलाई सदुपयोग गर्न सकियो भने राम्रो हुन्छ । आज देशको अवस्था गिर्दो छ । समस्या जताजतै छरिएका छन् । हामीले मुलुकको भविश्य सोचेर काम गर्नुपर्ने देखिन्छ । हाम्रा छिमेकी देशहरू धेरै अघि बढिसके हामी जहाँको त्यही छौं । यो चिन्ता लाग्दो विषय हो । हामी कहिले माथि उठने ?

लामो समयदेखि नेपाली जनता गरिबीबाट माथि उठ्न सकेका छैनन् । हामीले देखिरहेका छौं, आज देशको आर्थिक अवस्था सुर्धन सकेको छैन । देशमा महँगीले आकाश छोएको अवस्था छ । सर्वसाधरण जनताको चुलो बोल्न नसक्ने अवस्थामा छ । अब मेला पर्व पनि नजिकिँदै छन् । यसै बेलाको मौका छोपेर बजारमा कृतिम अभाव बनाउने, कालोबजारी गर्ने, महँगी बढाउने जस्ता काम हुँदै आएका छन् । सरकारले बजार अनुगमन गर्नुपर्दछ । नेपाली युवाहरू बेरोजगारी समस्याले पिल्सिएका छन् । उनीहरूको समस्या समाधान गर्ने बाटोतर्फ सरकारको ध्यान पुग्नुपर्छ । बेरोजगारी समस्या देशको मुख्य समस्याका रूपमा खडा भएर उभिएको छ । राजनीति दल र तिनका नेताहरू यस विषयमा बढी गम्भीर बन्नुपर्ने देखिन्छ । बेरोजगारी समस्या बढयो भने देशमा थप संकट आउन सक्छ । देशलाई संकटवाट रोक्न युवाका समस्या समाधान गर्ने बाटोतर्फ सरकारअघि बढनुपर्छ । लामो समयदेखि मुलुक हरेक क्षेत्रमा पछाडि परिरहेको अवस्था छ । देश र जनताको भाग्य र भविश्य बनाउनका निम्ति सबै राजनीति दलहरू एकमत भएर लाग्नुपर्छ । सधै निराशका कुरा गरेरमात्र हुँदैन, जनतालाई आशा जगाउने र काम गरेर देखाउने सरकार हुनुपर्छ । देश पछि पर्नुमा मुख्य दोषी प्रमुख दलहरू नै हुन् । प्रमुख तीन दलले यसको जिम्मेवारी लिनुपर्छ । लामो समयदेखि शासनसत्ता चलाएर पनि उनीहरूले देशलाई माथि उठाउन सकेनन् । आलो पालो सरकारमा जाने र देशको ढुकुटी सक्ने कामबाहेक केही भएन । पछिल्लो समयमा आएर मुलुक थप संकटमा जाने हो कि भन्ने चिन्ता बढेर गएको छ । राजनीति उथल पुथलले देशको भविश्य पछाडि धकेल्लिएको छ । देशको राजनीति गर्ने नेताहरू इमानदार नहुदा यसो भएको हो । राजनीतिमा इमानदारी भएन भने देश र जनताको भविश्य अन्यौलमा जान्छ । हिजो जस्तो निष्ठा र त्यागको राजनीति आज हराउँदै गएको छ । यो नेपालको राजनीतिमा दुख्खको कुरा हो । पटक-पटक यो कुरा दोहोयाउन मनले दिँदैन । तर पनि दोहाऱ्याउन बाध्य हुनुपरेको छ । आज जसरी देशअघि बढनुपर्ने हो त्यो अनुसार अघि बढन नसक्दा चिन्ता लाग्दो रहेछ । प्रमुख राजनीति दलहरूको अदूरदर्शिताले देश अघि बढन सकेन । एकले अर्कालाई गिराउने र राम्रो काम गर्न नदिने गलत संस्कारको विकास भएको छ नेपालको राजनीतिमा । यो कहिलेसम्म कायम हुने हो यसै भन्न सकिँदैन । सरकार बन्ने र ढल्ने परम्पराले देशको विकास हुन सकेको छैन । आज देशमा स्थिर सरकारको खाँचो छ । तर, यो निर्वाचन प्रणालीले स्थिर सरकार दिने अवस्था देखिँदैन । कुनै एक दलको बहुमत नआउने अवस्था आएपछि हुने यस्तै हो । आज मुलुक बनाउने चिन्तामा राजनीति दल र तिनका नेताहरू हुनुपर्दथ्यो तर त्यस्तो देखिएन । आफ्नो परिवार र आफ्ना मान्छेको आर्थिक अवस्था कसरी माथि उठाउने भन्ने कुरामा नेताहरू बढी केन्द्रित भएका छन् । यो नै देशको समस्या हो । वर्तमान ओली सरकारले संविधान संशोधनको कुरा उठाएको छ । अहिले संविधान संशोधन गर्दा राम्रो हुन्छ कि, हुँदैन भन्ने कुरा बहसको विषय बनेको छ । संविधान संशोधन आवश्यकता अनुसार गर्न सकिने कुरा हो ।

नेताहरूको स्वार्थको आधारमा गठबन्धन बन्ने र भत्किने क्रमले नेपाली जनता वाक्क छन् । आज संविधान संशोधनको विषय पेचिलो बन्ने सम्भावना भने बढेको छ । अस्थिर सरकारले मुलुकको भविष्य निर्माण गर्न सक्दैन । नेपालमा संसदीय अभ्यासको सुरुवात भएको धेरै वर्ष बितिसक्यो तर सोचेजस्तो परिणाम जनताले पाउन सकेका छैनन् । पछिल्लो समय राजनीतिमा जनताको आर्कषण बढ्दो छैन । राजनीति दलहरू र तिनका नेताहरूले मुलुकमा राम्रो परिणाम दिन सकेनन् । व्यवस्थाको बारेमा पनि बेलाबेलामा टीकाटिप्पणी हुनेगर्दछ । यस्तो किन भएको होला ? गणतन्त्र र संघीयता आफैंमा नराम्रो होइन तर प्रयोग गर्नेपात्रहरू गलत भए । समस्या यो हो । अहिले गणतन्त्रप्रति वितृष्णा जागेको देखिन्छ । जनतालाई आशा जगाउने खालले सरकार अघि बढ्नुपर्छ । कुनै पनि व्यवस्था आफैंमा नराम्रो हुँदैन । नेतृत्व गलत हुनाले व्यवस्था बद्नाम भएको हो । मुलुकमा राजनीति अस्थिरता बढाउने प्रमुख ठूला तीन दल हुन् । साना दललाई दोष दिएर उनीहरू उम्किन मिल्दैन । लोकतन्त्रमा आफ्नो संख्या बढी छ भन्दैमा जे मन लाग्यो त्यो गर्न पाइँदैन । आमसहमति अनुसार अघि बढनुपर्छ ।

एमाले र कांग्रेसले सुझ बुझका साथ अघि बढनुपर्ने देखिन्छ । ठूला दलका ठूलै नेताले एकअर्कालाई धोका दिँदा नै सरकार परिवर्तन हुनेगरेको छ । त्यसैले राजनीतिक अस्थिरता ठूला दलका ठूलै नेतावाट निम्तिएको छ । यो कुरामा ठूला दलहरू गम्भीर बन्न जरुरी छ । अब हचुवाको कुरा गरेर देशको उन्नति प्रगति गर्न सकिँदैन । सबै दलहरू इमानदारीका साथ देश र जनताको पक्षमा लाग्नुपर्ने जरुरी देखिन्छ । पार्टीभित्र आन्तरिक द्वन्द्व बढाएर राजनीति अस्थिरता निम्ताउने काम प्रमुख दलहरूले गरेका छन् । २०४८ र २०५६ मा कांग्रेसको एकल बहुमत आएको थियो । तर, त्यो सरकार पनि पुरा कार्यकाल टिक्न सकेन । २०७४ को निर्वाचनमा नेकपाको एकल बहुमत आएको थियो आफ्नै पार्टीभित्रको आन्तरिक कलहले त्यो सरकार पनि पूरै कार्यकाल टिक्न सकेन । बहुमतको सरकार पाउँदा पूरा कार्यकाल टिकाउन नसक्ने दलले आज ठूला भाषण गर्दै हिँडेका छन् । राजनीतिक स्थिरता पूर्ण कार्यकाल चल्ने सुनिश्चितता भएको सरकारबाट मात्र सम्भव छ । व्यक्तिगत स्वार्थ नभएका नेतावाट यो सम्भव पनि छ । तर, ती नेताहरूले अवसर कहिले पाउँदैनन् । दम्भको राजनीतिले मुलुकलाई निकास दिन सक्दैन । हाम्रा ठूला दलका नेताहरूमा दम्भको राजनीति बढी हावी भयो । राजनीतिमा दम्भ बढयो भने राजनीति दुर्घटना हुनसक्छ । बिगतमा पनि यस्ता दुर्घटना हुने गरेका छन् । संविधान संशोधनका विषयमा अरू दललाई खासै चासो भएको देखिँदैन । यसमा एमालेले बढी चासो दिएको छ । सबैको सल्लाह र सुझाव सरकारले सुन्नुपर्छ । सबै राजनीतिक दलहरूलाई राखेर सहमतिमा पुग्नुपर्छ । सत्ताका लागि दलहरू जे पनि गर्न तयार छन् । यस्ता गलत प्रवृत्तिले दीर्घकालीन समाधान दिन सक्दैन । कुनै सरकारले संविधान संशोधनका लागि केही गरी दुई तिहाइ पुऱ्याएरै गए पनि त्यसले अर्को द्वन्द्व निम्त्याउन सक्छ । यसमा सजग बन्न जरुरी छ । अहिले संशोधनको विषय त्यति सजिलो छैन । हामीले कुनै पनि संविधानलाई निरन्तरता दिन सकेका छैनौ । यो राज्य प्रणाली संविधान अनुसार चलेको छ कि छैन त्यो आजको प्रमुख बिषय हो । यो संविधान यही रूपमा चल्ने हो भने कुनै दलको बहुमत आउदैन । राजनीतिमा आमजनताको चासो बढनुपर्नेमा वितृष्णामात्र बढेको छ । यसो हुनुमा यीनै दलहरू बढी मात्रमा दोषि छन् । राजनीतिक दलका नेता र उनका कार्यकर्ताको गलत क्रियाकलापले देशमा राम्रो संकेत दिइरहेको छैन । आममानिसमा राजनीतिप्रति आर्कषण बढेको देखिँदैन । राजनीतिप्रति वितृष्णा बढ्नु राम्रो संकेत होइन । तर, यो नेपाली राजनीतिको तीतो यथार्थ बन्न पुगेको छ । सर्वसाधारण जनताले राजनीतिक परिवर्तनलाई आफ्नो दैनिक जीवनबाट अनुभूत नै गर्न सकेनन् । यसलाई विगतका शासन व्यवस्थाको तुलनामा उपलब्धिका रूपमा लिनुपर्दछ । मुलुकको शिक्षा, स्वास्थ्य, रोजगारीको पहुँच र सुशासनको सवालमा मुलुकले जुनरूपमा फड्को मानुपर्ने हो, त्योरूपमा फड्को मार्न सकेको छैन । मुलुकको अवस्था झन्झन् अफठ्यारो बन्दै गएको छ । राजनीति दल र तिनका नेताहरूको अकर्मण्यता र स्वार्थको लडाइँले गर्दा देशको भविश्य अन्धकार बनेको छ । यसको समाधान भनेको जनताको निरन्तर खबरदारी नै हो । देशमा सुशासन-समृद्धिसँगै विकासले गति लिन नसक्नुमा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवै दोषी छन् ।

यदि मुलुकमा सुशासन स्थापित गर्दै विकास र समृद्धिको बाटो कोर्ने हो भने राजनीतिक र प्रशासनिक नेतृत्व दुवै पक्ष सच्चिनुपर्ने आवश्यकता देखिएको छ । यद्यपि मुलुक सञ्चालन गर्ने प्रमुख भूमिकामा राजनीतिक दल र तिनका नेताहरू छन् । त्यसैले सुधारको अगुवाइ उनीहरूबाटै हुनुपर्छ भन्ने हाम्रो भनाइ हो । आज मुलुकमा भ्रष्टाचार बढ्दा त्यसको असर सबै क्षेत्रमा पर्ने गरेको छ । अहिलेको समयमा पनि जनताले सेवा प्रवाहमा समेत अत्यधिक दु:ख र झन्झट व्यहोर्नुपर्ने अवस्था छ । सबैभन्दा पहिला राजनीतिक नेतृत्व सच्चिन जरुरी छ । ***(लेखक: १५३ विश्वकीतिमानी व्यक्तित्व हुनुहुन्छ ।)***

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कामहरूले चिन्ता बढाउनेछ । मनमा उत्साहको कमी हुनसक्छ । | **तुला** : भोजभतेरमा सहभागी हुनुपर्ला । हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । |
| **बृष** : रमाइलो र खानपिनको सम्भावना छ । दीर्घकालिन फाइदा हुनेछ । | **बृश्चिक** :समारोहमा सरिक हुने सम्भावना छ । जटिल काम सम्पादन हुनसक्छ । |
| **मिथुन** : पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ । परिवारको साथले नयाँ आशा पलाउनेछ। | **धनु** : शुभ समाचार सुन्न पाइएला । नयाँ कार्य योजना पनि बन्नेछ । |
| **कर्कट** : लामो समयदेखि रोकिएका अधुरा कामहरूको पुन योजना बन्नेछ । | **मकर** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । सामान हराउन सक्नेछ । |
| **सिंह** : कुनै कुराले मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **कुम्भ** : आफन्तसँग मनमुटाव बढ्ला । खानपिनमा सावधानी अपनाउनु पर्नेछ । |
| **कन्या** : मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ। विचार पुऱ्याएर निर्णय लिनुहोला। | **मीन** : मानसम्मान पाउने दिन छ । लाभदायक भेटघाटलाई नकार्न सकिँदैन । |

शिक्षा

# 'निरन्तर शिक्षाका लागि पुस्तकालय' नाराका साथ पुस्तकालय दिवस मनाइँदै

'निरन्तर शिक्षाका लागि पुस्तकालय' भन्ने नारासहित यही भदौ १५ गते १७ औँ राष्ट्रिय पुस्तकालय मनाइँदैछ । गण्डकी प्रदेशमा रहेका सामुदायिक तथा सार्वजनिक पुस्तकालय पनि रचनात्मक र सन्देशमूलक कार्यक्रमसहित दिवस मनाउने तयारीमा छन् ।



उक्त दिवसका अवसरमा पोखरा सार्वजनिक पुस्तकालय/अमेरिकन कर्नर पोखरा र नेपाल पुस्तकालय सै गण्डकी प्रदेश समितिको संयुक्त आयोजनामा कास्की जिल्ला विद्यालयस्तरीय चित्रकला प्रतियोगिता आयोजना गरिएको छ । उक्त प्रतियोगितामा प्रथम हुनेलाई रु सात हजार, द्वितियलाई रु पाँच हजार, तृतीयलाई रु चार हजार र सान्त्वना पुरस्कार रु दुई हजार राखिएको छ । यस्तै विसं २००३ सालमा स्थापना भएको देशकै अग्रणीमध्येको विद्यामन्दिर पुस्तकालय, बागलुङले पाँच दिवसीय कार्यक्रमसहित उक्त दिवस मनाउने भएको छ ।

दिवसका अवसरमा यही भदौ ११ गते पुस्तकालय परिसर सरसफाइसहित सदरमुकामका चोकमा दिवसको प्रचारात्मक ब्यानर प्रदर्शन गरिनेछ । १२ र १३ गते गते विद्यालय उमेरका बालबालिकालाई लक्षित गरी 'सिर्जनात्मक लेखन कार्यशाला' आयोजना गरिएको पुस्तकालयका सचिव राजनप्रसाद शर्माले जानकारी दिए । १४ गते पुस्तकालय दिवससँग सम्बन्धित शीर्षकमा बागलुङ नगरपालिकास्थित माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको छ । सोही दिन पुस्तकालयको बाल कक्षमा अध्ययनरत बालबालिकाको स्वास्थ्य परीक्षण तथा शैक्षिक सामग्री वितरण गरिने सचिव शर्माले बताए । दिवसका सन्दर्भमा जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा पुस्तक उपहार दिने कार्यक्रमसमेत तय गरिएको उनले जानकारी दिए । भदौ १५ गते सम्मान र पुरस्कार वितरणसहित मूल समारोह आयोजना गरिएको उनको भनाइ छ । सोही समारोहमा पुस्तकालयको विभिन्न पदमा रही ४० वर्षसम्म सेवा पुर्याएका पुस्तकालयका संरक्षक समिति सदस्य हरिहर श्रेष्ठलाई दीर्घ सेवा सम्मान प्रदान गरिने भएको छ । 'हामीले बर्सेनि पुस्तकालय दिवसलाई विशेष रुपमा मनाउँदै आएका छौँ', सचिव शर्माले भने, 'बालबालिकाको सिर्जनात्मक क्षमता विकाससँगै उनीहरुलाई पुस्तकालयप्रति आकर्षित गर्ने गरी यस वर्षको कार्यक्रम तय गरिएको छ ।' राणाकालको प्रतिकूल समयमा खुलेका कारण पनि विद्यामन्दिर पुस्तकालयको अलग्गै पहिचान र गरिमा छ । धवलागिरि क्षेत्रको शैक्षिक, सामाजिक र राजनीतिक जागरणको केन्द्रका रुपमासमेत यस पुस्तकालयलाई लिने गरिन्छ ।

स्थापनाकालमा काठमाडौं उपत्यका हुँदै भारतको दिल्ली, गोरखपुरसम्मबाट भरिया लगाएर ल्याइएका पुस्तक संग्रह गरेर सुरु गरिएको पुस्तकालयमा अहिले विभिन्न विधाका गरी करिब १७ हजार पुस्तक छन् । पुस्तकालयमा विद्युतीय पुस्तकालय (ई-लाइब्रेरी) पनि सञ्चालित छ । प्रारम्भिक चरणमा विद्यालयको कोठा हुँदै सार्वजनिक पौवामा चलेको पुस्ताकालयले अहिले आफ्नै सुविधासम्पन्न भवनबाट सेवा दिँदै आएको छ । यस पुस्तकालयका संस्थापक दिवङ्गत ओमप्रसाद गौचन र मेघकुमार वैद्य हुन् । पुस्तकालयमा छुट्टै बाल पुस्तकालय स्थापनाको तयारी अगाडि बढेको छ ।

पर्वतको फलेवासमा रहेको मोती सामुदायिक पुस्तकालयले पनि विविध रचनात्मक कार्यक्रम गरी दिवस मनाउने तयारी गरेको छ । पुस्तकालयका पुस्तकाध्यक्ष इन्द्र सापकोटाकाअनुसार समुदायमा सरसफाइ सचेतना, ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण, सम्मान, चित्रकला प्रतियोगितालगायत कार्यक्रम तय गरिएको छ । गत साउन २१ गते शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयको सचिवस्तरीय बैठकबाट 'निरन्तर शिक्षाका लागि पुस्तकालय' भन्ने आदर्श वाक्यसहित १७ औँ राष्ट्रिय पुस्तकालय दिवस मनाउने निर्णय गरेको थियो ।

पुस्तकालयमार्फत ज्ञान, सीप तथा सूचना पहुँच, अध्ययन गर्ने बानीको प्रवर्द्धन र सामुदायिक भावना सम्मिलित समावेशी तथा सहभागितामूलक कार्यक्रम गरी भव्य रुपमा उक्त दिवस मनाउन मन्त्रालयले सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुलाई अनुरोध गरेको छ । गण्डकी प्रदेशका ११ जिल्लामा हाल ४० भन्दा बढी सार्वजनिक तथा सामुदायिक पुस्तकालय सञ्चालित छन् ।

-रासस

# विश्वविद्यालयमा गुण्डागर्दी स्वीकार्य छैन: शिक्षामन्त्री



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले विश्वविद्यालयमा भइरहेको गुण्डागर्दीलाई राजनीतिक संरक्षण नहुने स्पष्ट पारेकी छिन् ।

शनिबार बिहान भरतपुर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री भट्टराईले विश्वविद्यालयमा हुने यस्ता गतिविधि नियन्त्रण गर्न आवश्यक रहेको बताइन् ।उनले त्रिभुवन विश्वविद्यालयमा भएको गुण्डागर्दी नियन्त्रणका लागि नै गृहमन्त्रीसँग सुरक्षा मागेको उल्लेख गरिन् । 'विश्वविद्यालयमा राजनीति नभइ गुण्डागर्दी भएको हो', उनले भनिन्, 'हरेक क्षेत्रमा गृहमन्त्रालयले सुरक्षा दिने भएका कारण गृहमन्त्रीसँग सुरक्षा मागिएको हो ।' विश्वविद्यालयमा गुण्डागर्दी र अपराधिकरण स्वीकार्य नभएको उल्लेख गर्दै उनले भनिन्, 'गुण्डागर्दी र अपराधिकरण चरित्र हो । त्यस्ता प्रवृत्तिविरुद्ध सुरक्षा माग गरिएको हो । यस्ता गतिविधिमा राजनीतिक संरक्षण हुनु हुँदैन ।' मन्त्री भट्टराई नवलपुरमा हुने कार्यक्रममा सहभागी हुन यहाँ आएकी हुन् ।

-डिसीनेपाल डटकम

# त्रिविका आङ्गिक क्याम्पसमा विद्यार्थी दोब्बरले वृद्धि

त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस वीरेन्द्र बहुमुखी क्याम्पसमा विद्यार्थीको संख्या दोब्बर वृद्धि भएको छ । विसं २०७७ मा तीन हजार चार सय विद्यार्थी अध्ययन गरेको यस क्याम्पसमा हाल यो संख्या सात हजारमाथि पुगेको छ ।

क्याम्पस प्रमुख दयाराम पौडेलका अनुसार क्याम्पसमा नयाँ विषयको पठनपाठन थालेपछि विद्यार्थीको आकर्षण निकै बढेको हो । क्याम्पसमा मानविकी, विज्ञान, व्यवस्थापन र शिक्षा सङ्कायको स्नातक र स्नातकोत्तर तहमा पढाइ हुँदै आएको छ । स्नातकमा व्यवस्थापनतर्फ बिबिए र बिबिएसको पढाइ हुने गर्दछ । विज्ञानतर्फ बिएस्सी, बिएस्सी सिएसआइटी, बिआइटी, बिएस्सी जुओलजी र माइक्रोबायोलोजीको पढाइ हुने गरेको छ । शिक्षातर्फ बिएस र बिआइसिटीई विषयको पढाइ हुने गर्दछ ।

स्नातकोत्तरमा विज्ञानतर्फ फिजिक्स र क्यामेस्ट्री, व्यवस्थापनतर्फ एमबिएस, मानविकीतर्फ नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र, समाजशास्त्र र जनसंख्या शिक्षाको पढाइ हुँदै आएको छ । यसै वर्षदेखि एमसिए र एमएडको पढाइ सञ्चालन गर्ने तयारी क्याम्पसले गरेको छ । क्याम्पसमा नयाँ विषयको पढाइ थालेपछि पहिलो रोजाइ बन्न सकेको हो । क्याम्पस प्रमुख पौडेलले भने, 'शुल्क कम र गुणस्तरीय पढाइ हुने भएकाले यहाँ कोटा पाएसम्म विद्यार्थी अन्यत्र पढ्न जाँदैनन् ।'

-हाम्राकुरा डटकम

# देशभर चिकित्सक पठाउँदै जुम्ला




जुम्लामा पनि डाक्टरी पढाइ हुन्छ र भन्ने धेरैको प्रश्न हुन सक्छ । प्रश्नकर्ता कतिलाई जुम्लामा चिकित्सक पढाइ हुन्छ भन्ने पनि थाहा छैन । केहीले पढाइ हुन्छ भन्नेमा विश्वास गर्दैनन् । थाहा पाउनेहरूले त्यहाँ चिकित्सकको कस्तो पढाइ हुन्छ होला ? भनेर खिसी गरेको पाइन्छ ।

ती प्रश्न एवम् जिज्ञासा राख्ने र खिसिट्युरी गर्नेहरूले जुम्लाले स्नातक मात्र होइन, अब स्नातकोत्तर तहको चिकित्सक उत्पादन गरेको खबर सुन्न धेरै समय कुर्नुपर्ने छैन । प्रगति र विकासका लागि भूगोल बाधक हुन सक्दैन अनि दुर्गमले दु:ख मात्र होइन, समृद्धिको ईँटा थप्न सक्दोरहेछ भन्ने गतिलो उदाहरणस्वरुप अब देशलाई चाहिने चिकित्सक तथा जनस्वास्थ्यविज्ञ जनशक्ति पठाउँदैछ ।

मध्यपश्चिम नेपालको हिमाली क्षेत्रमा अवस्थित स्वास्थ्य विश्वविद्यालयका रुपमा परिचित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाले यही भदौ २३ गते चिकित्साशास्त्रमा विभिन्न सङ्कायमा स्नातकोत्तर तह उत्तीर्ण पाँच विशेषज्ञ चिकित्सक र स्नातक तहका ५१ जनालाई विद्यार्थीहरु दीक्षित गर्दैछ । यसका लागि प्रतिष्ठान जुम्लामा भदौ २३ गते 'प्रथम दीक्षान्त समारोह' हुने भएको छ । जसको तयारीमा प्रतिष्ठान जुटेको छ । दीक्षान्त समारोहमा प्रतिष्ठानका कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओली र सहकुलपति एवम् स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको समुपस्थिति कार्यक्रम रहेको उपकुलपति डा.मङ्गल रावलले जानकारी दिए ।

स्थापनाकालको १३ वर्षपछि पहिलोपटक हुन थालेको दीक्षान्त समारोह सञ्चालनका लागि कुलपति एवम् प्रधानमन्त्रीबाट स्वीकृति पत्र आइसकेकाले त्यसको तयारीमा जुटेको उनीले बताए । उनीका अनुसार प्रतिष्ठानका जनस्वास्थ्य, नर्सिङ र चिकित्साशास्त्र सङ्कायका स्नातक र स्नातकोत्तर तहका गरी कूल ५६ उत्तीर्ण विद्यार्थीहरू दीक्षित हुनका लागि योग्य छन् । उपकुलपति रावलले भने, 'प्रथम दीक्षान्त समारोह गर्न स्वीकृतिका लागि यही साउन ३२ गते कुलपतिसमक्ष पत्र पठाएका थियौं ।

सोही पत्रको जवाफमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रतिष्ठानलाई २३ भदौ आइतवार बिहान १०:३० बजे जुम्लामा दीक्षान्त समारोह गर्नका कुलपतिले स्वीकृत गरेको व्यहोरासहितको पत्र प्राप्त भएको छ । सोहीअनुसार तयारी गर्दैछौं ।' कर्णालीको इतिहासमा पहिलोपटक ऐतिहासिक दीक्षान्त समारोह आयोजना गर्न पाउँदा खुसी लागेको उनीले बताए । प्रतिष्ठानका परीक्षा शाखा प्रमुख नृपेश बुढथापाका अनुसार यहाँ अध्ययनरत विद्यार्थीहरूमा स्नातकतर्फ बिपिएचमा पहिलो र दोस्रो ब्याच गरी ३८, बिएमएसमा दुई ब्याचको १३ र स्नातकोत्तरतर्फ एमडिजिपीमा तीन, एमडी एनेस्थेसियामा एक र एमडी पेडियाट्रिक्समा एक गरी पाँचजनासहित कूल ५६ जना विद्यार्थीहरू उत्तीर्ण भएका छन् ।

दीक्षान्त समारोहको अवसरमा प्रधानमन्त्री ओलीले प्रतिष्ठानको नवनिर्मित अत्याधुनिक शैक्षिक भवन (एकेडेमिक बिल्डिङ) र तिलगङ्गा आँखा अस्पतालको सहयोगमा सञ्चालनमा आउन लागेको आँखा केन्द्र उद्घाटन गर्ने कार्यक्रम रहेको उपकुलपति रावलले बताए ।

समारोहमा विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)को सहयोगमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड (इएमआर) उपकरण हस्तान्तरण गर्ने कार्यक्रम राखिएको छ । सो अवसरमा चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा.अञ्जनी झा, स्वास्थ्य सचिव डा. रोशन पोखरेल, वरिष्ठ आँखा विशेषज्ञ डा.सन्दुक रुइत, विश्व स्वास्थ्य सङ्गठन नेपाल प्रमुख डा.राजेश सम्भाजीराव पाण्डवसमेत सहभागी हुने जनाइएको छ ।

-रासस

# रेसुङ्गा विमानस्थलबाट पुनः नियमित उडान



**तेजेन्द्र कुमार श्रेष्ठ**

**गुल्मी,** भदौ ९/गुल्मीको रेसुङ्गा विमानस्थलबाट पुन: नियमित उडान सुरु भएको छ । खराब मौसमका कारण असार दोस्रो सातादेखि बन्द रहेको उडान गत शुक्रबारदेखि पुन: सुरु भएको हो ।

वर्षाको समयमा पानी परिरहने र बाक्लो कुहिरो लाग्ने भएकाले असार १४ गतेदेखि उडान अवरुद्ध बनेको थियो । अहिले मौसममा तुलनात्मक सुधार आएसँगै उडान पुन: सुरु गरिएको नेपाल एयरलाइन्स रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले बताए । अब मौसमको अवस्था हेरेर हप्ताको एक दिन शुक्रबार उडान गर्ने उनको भनाई छ । यस अघि साताको चार पटक उडान हुँदै आए पनि अहिलेलाई हप्ताको एक दिन रेसुङ्गा काठमाडौं उडान हुने छ । दुई महिनादेखि उडान अवरुद्ध हुँदा यात्रुहरुले सास्ती खेप्नु परेको थियो । गुल्मीको रेसुङ्गा विमानस्थल निगमको १८ सिट क्षमताको ट्विनअटर जहाजले उडान गर्दै आइरहेको छ । काठमाडौंबाट बिहान ६:३० बजे र रेसुङ्गा विमानस्थलबाट बिहान ७:४५ बजे नियमित उडान तालिका छ । सोही तालिकाअनुसार निगमले हाल काठमाडौंबाट रेसुङ्गा लागि सात हजार दुई सय ८० र रेसुङ्गाबाट काठमाडौंका लागि सात हजार ८० भाडादर निर्धारण गरेको छ । जिल्लामा गत वर्षदेखि व्यावसायिक रुपमा हवाई उडान सुरु गरिएको थियो । रेसुङ्गा विमानस्थलमा दिउँसोको समयमा अत्यधिक हावा चल्ने भएकाले प्राविधिक दृष्टिकोणले बिहान ११ बजेसम्म मात्र उडान भर्न उपयुक्त मानिन्छ । पछिल्लो समयमा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको संख्यामा समेत वृद्धि हुँदै गएको छ । उक्त विमानस्थल सदरमुकाम तम्घासबाट पाँच किलोमिटरको दूरीमा पर्दछ ।

खेलकुद समाचार

## भुटानलाई हराउँदै नेपाल फाइनलमा



**काठमाडौं,** भदौ ९/भुटानलाई पेनाल्टी शुटआउटमा हराउँदै नेपाल २० वर्षमुनिको साफ च्याम्पियनशिपको फाइनलमा पुगेको छ ।

ललितपुरको सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्सको मैदानमा आइतबार भएको पहिलो सेमिफाइनलमा नेपालले भुटानलाई पेनाल्टी शुटआउटमा ४-१ ले हरायो । निर्धारित ९० मिनेटको समयमा १-१ गोलको बराबरी भएपछि खेल पेनाल्टी शुटआउटमा पुगेको हो । यसअघि खेलको ५६ औं मिनेटमा भुटानका जितसुनले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । तर खेलको ७८ औं मिनेटमा नेपालका निराजन धामीले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए । प्रतियोगिताको दोस्रो सेमिफाइनलमा भोलि भारत र बङ्गलादेश खेल्दैछन् । फाइनल खेल आउँदो बुधवार त्रिपुरेश्वरको दशरथ रङ्गशालामा हुनेछ ।

अर्थ/कर्पोरेट समाचार

## गुल्मीमा एक सातामा सात लाख भन्दा बढी राजस्व संकलन




**सरस्वती जिसी**

**गुल्मी,** भदौ ९ /जिल्ला प्रसासन कार्यालय गुल्मीले एक सातामा सात लाख भन्दा बढी राजस्व संकलन गरेको छ । कार्यालयले भदौ महिनाको पहिलो सातामै ७ लाख ३२ हजार पाँच सय राजस्व संकलन गरेको हो ।

सबैभन्दा बढी राहदानीबाट ७ लाख २२ हजार पाँच सय र संस्था नविकरणबाट रु. १० हजार राजस्व संकलन भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । कार्यालयले हरेक हप्ता गरेका कार्यहरुको विवरण सार्वजनिक गर्दै आईरहेको छ । जसमा १ सय ५ नागरिकता प्रमाणपत्रका प्रतिलिपि, ११ जना बालबालिकालाई नाबालक परिचयपत्र वितरण, १ सय ३९ वटा राहदानी आवेदन संकलन, १ सय ४४ राहदानी वितरण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी हरि प्रसाद गैरेले बताए । सोही अवधिमा ८४ थान नयाँ नागरिकताका प्रमाणपत्र जारी गरिएको छ । राष्ट्रिय परिचय पत्रका लागि २ सय ५३ आवेदन संकलन, १ सय ५८ वटा राष्ट्रिय परिचय पत्र वितरण गरिएको, ७१ वटा दलित, जनजाति र २ सस्था पनि प्रमाणित गरिएको गैरेले बताए । यहाँ आथिक वर्ष २०८०/८१ मा १२ हजार ४ सय ५० राहदानी वितरण भएको छ । जसबाट ६ करोड ४१ लाख ६७ हजार ३५० रुपैयाँ राजश्व संकलन भएको छ । अघिल्लो आर्थिक वर्षमा १५ हजार ८६ जनाले राहदानी लिएका थिए । जसबाट कार्यालयले ७ करोड ३८ लाख ६ हजार ८ सय रुपैयाँ राजश्व संकलन गरेको थियो । जिल्लामा गत वर्षको तुलनामा भने यो आर्थिक वर्ष २०८०/०८१ म भने केही कमी आएको हो । राहदानी लिनेको संख्या घटेसँगै राजश्वमा पनि कमी आएको छ । पछिल्लो समय कार्यालयले साप्ताहिक रुपमा गरेका कार्यहरुको सबै नागरिकलाई जानाकारी गराउने उद्देश्यले हप्तैपिच्छे गरेका कार्यसम्पादनको विवरण सार्वजनिक गर्दै आएको उनको भनाई छ ।

## मन्त्री सारुले स्वास्थ्य...

...कार्यक्रममा जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले लगायतले पाल्पामा आत्महत्याका घटना बढ्दै गएकाले त्यसलाई रोक्न कारणको पहिचान गरी परामर्श दिनुपर्नेमा जोड दिए । उनीहरुले पाल्पा अस्पतालमा हरेक वर्ष आउने गरेको बजेट काम नभई फ्रिज हुँदै गएकाले अस्पतालको भवन निर्माणका लागि जग्गाको व्यवस्था मिलाउने कुरामा प्रदेश सरकारले ध्यान दिनुपर्ने बताए । स्वास्थ्य कार्यालयका प्रमुख डा. राजेन्द्र गिरीले कर्मचारी समायोजन नहुँदा स्वास्थ्य क्षेत्रमा समस्या भएकाले त्यसतर्फ ध्यान दिन प्रदेश सरकारका मन्त्री र सांसद समक्ष आग्रह गरे । उनले जिल्लामा सिमित स्रोत र साधनका बावजूत पनि स्वास्थ्यमा उल्लेखीय काम गर्न सफल भएको बताए । कार्यक्रममा स्वास्थ्य कार्यालयका बरिष्ठ तथ्यांक अधिकृत टुक प्रसाद पोखरेलले कार्यालयले आर्थिक बर्ष २०८०/०८१ मा गरेका कार्यक्रमहरुको बारेमा जानकारी गराएका थिए । उद्घाटन शत्र कार्यालयका प्रमुख डा. राजेन्द्र गिरीको अध्यक्षता, क्षयकुष्ठ अधिकृत विश्वनाथ न्यौपानेको स्वागत,टिकाराम अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

सोमबारसम्म चल्ने गोष्ठीमा जिल्लाका १० वटै स्थानीय तहका स्वास्थ्य शाखा, जिल्लाका अस्पताल, स्वास्थ्य संस्था र स्वास्थ्यका क्षेत्रमा काम गर्ने संघसंस्थाहरुले आ-आफ्ना कार्यालयहरुले एक वर्षमा गरेका कार्यप्रगतिका बारेमा जानकारी गराउने छन् ।

## आज 'रम्भादेवी सांस्कृतिक महोत्सव',तयारी पुरा

**पाल्पा,** भदौ ९/जिल्लाको रम्भा गाउँपालिका-५, ताँहुको ऐतिहासिक धार्मिकस्थल रम्भादेवी मन्दिरस्थित नाचनडाँडामा आज हुन लागेको सांस्कृतिक महोत्सवको तयारी पुरा भएको छ । कृष्ण जन्माष्टमीको दिन सहयात्रा नेपालको आयोजना र रम्भा पर्यटन विकास प्रतिष्ठानको सह-आयोजनामा हुन लागेको महोत्सवको सम्पूर्ण तयारी पुरा भएको हो ।



महोत्सवको सम्पूर्ण तयारी पुरा भएको आयोजक संस्था सहयात्रा नेपालका अध्यक्ष, वरिष्ठ लोक गायक दुर्गा रायमाझीले बताए । रम्भादेवी मन्दिरको पर्यटन प्रवर्द्धन गर्दै स्थानीय कला, संस्कृति, प्रचलित भेषभूषाको प्रचार-प्रसारमा टेवा पुऱ्याउने उद्देश्यले एक दिने सांस्कृतिक महोत्सव गर्न लागिएको उनले बताए ।'महोत्सवमा रामपुरको बालन, माथगढीको झाम्रे, हुमिनको लाखे, सिलुवाको कौरा, रानीवासको सोरठी र तिवारी आमाको मौलिक तीजसहित स्थानीय कला संस्कृतिहरू प्रस्तुत गरिने छ । महोत्सवको सह आयोजकमा रम्भादेवी पर्यटन विकास प्रतिष्ठान, मुख्य प्रवर्द्धक रम्भा गाउँपालिका, पर्यटन प्रवर्द्धन नेपाल दर्शन, प्रवर्द्धक मातृभूमी सेवा प्रतिष्ठान र कुमकुम ज्वेलर्स न्युरोड काठमाडौं रहेको बताइएको छ । महोत्सवमा वरिष्ठ कलाकारहरू नारायण रायमाझी, दुर्गा रायमाझी, इन्द्र जिसी, नारायण लेकाली, अमृत अधिकारी, नविन पौडेल, हुम गैरे, माधव भण्डारी, श्रीदेवी देवकोटा लगायत स्थानीय कलाकारलाई प्राथमिकतामा राखिएको छ । महोत्सव प्रवेशका लागि नि:शुल्क रहेको छ । विगतमा धार्मिक मेला, महोत्सव हुँदै आए पनि अहिले भने विस्तारै कम हुँदै गएका छन् । सुन सान बन्दै गएको पर्यकटीयस्थलाई थप गुञ्जार बनाउन महोत्सव हुन लागेको हो । रम्भादेवी क्षेत्र सरकारले घोषणा गरेको १०० गन्तव्यस्थल मध्यको एक हो । यस क्षेत्रको आस्थाको केन्द्रको रुपमा रहेको रम्भादेवी मन्दिर रहेको ठाउँलाई रम्भा पानी पनि भन्ने गरिन्छ । त्रेता युगमा भगवान् राम र सिता मुक्तिनाथको यात्रा गर्ने क्रममा रामपुर हुँदै राम्दी जाँदा त्यही जङगलमा आईपुग्दा सितालाई पानी प्यास लागेको र पानी खोज्दा कतै नभेटेपछि रामले वाणले हानेर पानी उत्पन्न गरेको हुनाले रामवाण पानी, रामवाण पानी भन्दा भन्दै रम्भापानी रहन गएको हो भन्ने किंवदन्ती छ ।

## भगवती जात्रामा...

...जिल्लामा जात्राका दिन सरकारी तवरबाट सार्वजनिक विदा दिनुपर्ने आवाज उठिरहे पनि विदा दिइने गरेको थिएन । प्रदेश सरकारले भने राष्ट्रिय गौरवको रुपमा रहेको भगवती जात्रालाई विगत केही वर्षदेखि सार्वजनिक विदा दिदैं आएको छ । यस वर्षको भगवती रथयात्रामा पहिलो पटक राष्ट्रप्रमुखको सहभागिता हुने भएको छ । रणउजीरेश्वरी भगवतीको पूजा आराधना तथा रथयात्रा अवलोकनका लागि राष्ट्रपति रामचन्द्र पौडेल आउने निश्चित भएको भगवती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अशोक महर्जनले जानकारी दिए ।

नेपाल-अंग्रेज युद्धमा नुवाकोट जितगढीमा अंग्रेज सेनालाई पराजित गरेको खुसीयालीमा हरेक वर्ष भाद्र कृष्ण नवमीका दिन पाल्पाको तानसेनमा भगवती जात्रा निकालिँदै आएको छ । तत्कालीन पाल्पाका तैनाथवाला कर्णेल उजीरसिंह थापाले ब्रिटिस साम्राज्यको आक्रमणबाट नुवाकोट जितगढीमा जोगाएको सम्झनामा हरेक वर्ष भाद्र कृष्ण नवमीमा रथयात्रा निकालिँदै आएको छ । तत्कालीन कर्णेल थापाले युद्धमा जानुअघि भगवतीको आराधना र भाकल गरी विजय प्राप्त गरेको विश्वास स्वरूप त्यसैको खुसीयालीमा भगवतीको रथयात्रा विक्रम सम्वत् १८७७ देखि बजार परिक्रमा गराउन सुरु गरिएको हो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई